STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज ६ गते बुधबार ❑ 22 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## एमाले अध्यक्ष ओलीको मुद्दामा फाइल झिकाउने आदेश

रासस
काठमाडौं, ५ असोज

सर्वोच्च अदालतले नेकपा (एमाले) ले कारबाहीको सिफारिस गरेका १४ सांसदको पद खारेजीसम्बन्धी रिट निवेदनको सुनुवाइपछि फाइल झिकाउने आदेश दिएको छ।

सर्वोच्च अदालतका न्यायाधीश दीपककुमार कार्की र डा कुमार चुँडालको संयुक्त इजलासले आज अन्तरिम आदेश गर्ने वा नगर्ने भन्ने विषयमा छलफलका लागि दल त्यागसम्बन्धी निर्वाचन आयोगबाट गत भदौ ९ गते भएको निर्णयको सक्कल फाइल झिकाउने आदेश दिएको हो। त्यस्तै, सभामुख अग्निप्रसाद सापकोटासम्बन्धी मुद्दामा गत भदौ १३ को सक्कल फाइल र लुम्बिनी प्रदेशका सभामुखबाट गत भदौ ४ मा भएको पत्राचारसम्बन्धी सक्कल फाइल झिकाउन पनि अदालतले आदेश दिएको छ। उक्त विवादमा सोमबार सुनुवाइ नसकिएपछि हेदहिर्दैमा मंगलबारका लागि राखिएको थियो। एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीले कारवाही सिफारिस गरेका १४ सांसद, सभामुख, निर्वाचन आयोग र लुम्बिनी प्रदेशका सभामुखलाई विपक्षी बनाएर दायर गरेको रिटमाथि सुनुवाइ भएको हो। यसअघि न्यायाधीश कार्की र मीरा खड्काको संयुक्त इजलासमा गत भदौ २८ गते पेशी तोकिए पनि 'हेर्न नभ्याइने' सूचीमा परेको थियो। त्यसअघि भदौ २२ गते प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराको एकल इजलासले सो विवादमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्ने विषयमा आज दुवै पक्षलाई छलफलका लागि बोलाउने आदेश जारी गरेको थियो। अदालतले नेकपा (एकीकृत समाजवादी) दर्ता गरेको मिले वा नमिलेका विषयमा १५ दिनभित्र निर्वाचन आयोगसँग लिखित जवाफ माग गरेको थियो भने विपक्षीको लिखित जवाफ पेश भएको तेस्रो दिन सुनुवाइका लागि पेशी तोक्न भनेको थियो।

## थप १३३० जनामा कोरोना संक्रमण

रासस
काठमाडौं, ५ असोज

पछिल्लो २४ घण्टामा एक हजार ३३० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार १३ हजार ६२२ मा परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। नेपालमा सङ्क्रमण दर १९.१ प्रतिशत छ। यस्तै सक्रिय सङ्क्रमितको सङ्ख्या २१ हजार ५२४ रहेका छन्।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला ९ र २०० भन्दा बढी सङ्क्रमित हुने जिल्ला १९ पुगेका छन्। पाँच सयभन्दा बढी सङ्क्रमित हुने जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर, कास्की र रुपन्देही रहेका छन्। पछिल्लो २४ घण्टामा दुई हजार ८३० जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै हालसम्म नेपालमा सात लाख ५४ हजार सङ्क्रमणमुक्त भएका छन्। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९५.९ प्रतिशत रहेको छ।

यसैगरी पछिल्लो २४ घण्टामा कोरोना भाइरस सङ्क्रमणबाट पाँच जनाको मृत्यु भएको छ। योसँगै हालसम्म नेपालमा सङ्क्रमणबाट मृत्यु हुनेको ११ हजार ५३ पुगेको छ। नेपालमा प्रति १० लाखमा ३७२.५ सङ्क्रमितको मृत्यु भएको तथ्याङ्क छ।

यस्तै मन्त्रालयका अनुसार ३३५ जना सघन उपचार कक्ष (आइसियु), १०७ जना भेन्टिलेटर, २० हजार १६४ जना होम आइसोलेसन, एक हजार ३६० जना संस्थागत आइसोलेसन र २५० जना क्वारेन्टिनमा छन्। मंगलबार नेपालमा ५५ हजार २४२ ले कोरोनाविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ६२ लाख ३० हजार ८२३ ले पहिलो मात्रा र ५६ लाख २८ हजार ७९२ ले पूर्ण मात्राको खोप लगाइसकेका छन्।

## गण्डकी प्रदेशका प्रदेश प्रमुख गुरुङद्वारा गुफा अवलोकन

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज




गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङद्वारा विन्ध्यवासिनी मा.विको व्यवस्थापन तथा संरक्षकत्वमा संचालित पर्यटकीय क्षेत्र महेन्द्र गुफाको अवलोकन गर्नुभएको छ।

पारिवारीक भ्रमणको सिलसिलामा महेन्द्र गुफा पुगु भएका गुरुङलाई महेन्द्र गुफा चमेरे गुफा पर्यटकीय विकास समितिका संयोजक गुरुदत्त भट्राई र समितिका सदस्य-सचिव शिशिर पौडेलले वुके र खादा लगाएर सम्मान सहित स्वागत गर्नुभयो। पोखराकै प्राकृतिक गुफाको रुपमा परिचीत विन्ध्यवासिनी मा.विको व्यवस्थापन तथा संरक्षकत्वमा संचालित महेन्द्र गुफाको अवलोकन पछि प्रदेश प्रमुख गुरुङले लामो समयको अन्तराल पछि गुफा अवलोकन गर्न पाएकोमा खुशी व्यक्त गर्दै, यसको व्यवस्थित विकास गर्न सुझाव दिनुभयो।

महेन्द्र गुफा विश्वकै प्रमुख पर्यटकीय स्थल वन्न सक्ने आधार प्रसस्त रहेको भन्दै उहाँले सवैको प्रयासवाट यसको थप सौन्दर्यकरण वढाउन तर्फ लाग्नुपर्ने वताउनुभयो। प्रदेश प्रमुख गुरुङले हाल भैरहेका निर्माण कार्य उदाहरणीय रहेकोमा विद्यालय तथा विकास समितिको प्रशंसा समेत गर्नुभयो। सो अवसरमा प्रदेश प्रमुख गुरुङलाई समितिका संयोजक गुरुदत्त भट्राईले गुफाको वर्तमान अवस्था, यहाँ भैरहेका विकास निर्माण तथा व्यवस्थित विकासको गुरुयोजनाका विषयमा जानकारी गराउनु भएको थियो। उहाँले गुफा विकासका लागी प्रदेश सरकारको महत्वपुर्ण भुमिका रहेको वताउदै, थप विकासका लागी पनि ध्यानाकर्षण गराउनुभयो।

कोभिड महामारीको दोस्रो लहरका कारण वैशाख १४ गते देखि वन्द रहेका महेन्द्र तथा चमेरे गुफा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर असोज १ गतेवाट संचालनमा आएका छन। यसअघि पनि कोभिड महामारीका कारण ९ महिना गुफा वन्द भएको थियो।

## सरकारले राजनीतिक नियुक्तिका सबै राजदूत फिर्ता बोलायो

रासस
काठमाडौं, ५ असोज

सरकारले राजनीतिक नियुक्तिका आधारमा नियुक्त गरिएका सबै राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को आजको बैठकले अघिल्लो सरकारले राजनीतिक नियुक्तिका आधारमा नियुक्त गरेका सबै राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको कानुन न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो। मन्त्रिपरिषद्को निर्णयपछि चीन, भारत, संयुक्त राज्य अमेरिकालगायतका देशमा कार्यरत सबै नेपाली राजदूत फिर्ता हुनुपर्नेछ। परराष्ट्र सेवाबाट गएका राजदूत भने फिर्ता हुने छैनन्। संयुक्त राज्य अमेरिकाका लागि डा युवराज खतिवडा, चीनका लागि महेन्द्रबहादुर पाण्डे, भारतका लागि नेपाली राजदूत निलाम्बर आचार्य बङ्गलादेशका लागि नेपाली राजदूत डा वंशीधर मिश्र, बेलायतका लागि नेपाली राजदूत लोकदर्शन रेग्मीलगायतका सबै राजदूत तत्कालै फिर्ता हुनुपर्नेछ।

यस्ते ओमानका लागि नेपाली राजदूत शर्मिला पराजुली, जापानका लागि नेपाली राजदूत प्रतिभा राणा, कतारका लागि नेपाली राजदूत नारद भारद्वाज, मलेसियाका लागि नेपाली राजदूत उदयराज पाण्डेसमेत फिर्ता हुनुपर्ने छ। यसैगरी इजरायलका लागि नेपाली राजदूत अञ्जान शाक्य, स्पेनका लागि नेपाली राजदूत द ावाफुटी शेर्पालगायतका राजदूतसमेत फिर्ता हुनेछन्। अघिल्लो सरकारले राजदूत नियुक्तिको मापदण्ड विपरीत केही व्यक्तिलाई राजदूत बनाउने निर्णय गरेको थियो। सो निर्णयसमेत वर्तमान सरकारले फिर्ता गरिसकेको छ। राजदूत नियुक्तिका लागि परराष्ट्र मन्त्रालयले कार्यविधि बनाएको भए पनि त्यसको परिपालना नभएको भन्दै आलोचना हुँदै आएको थियो। राजनीतिक नियुक्तिका आधारमा नियुक्त गरिएका सबै राजदूत फिर्ता बोलाइएको र ती देशमा छिट्टै नयाँ राजदूत नियुक्त गर्ने सरकारको तयारी छ। यस्ते, सरकारले संयुक्त राष्ट्र सङ्घको ७६ औं महासभामा भाग लिन जाने नेपाली प्रतिनिधिमण्डलको गठन गरिएको सरकारका प्रवक्ता कार्कीले जानकारी दिनुभयो।

त्यस्तै, कर्णाली करिडोरको सल्लीसल्ला सिमीकोट खण्डको दुल्लीकुनादेखि लालीबगर खण्डको सात किमी र लैफुब्द्रीगाउँदेखि हुक्काखोला खोलासम्मको १३.५ किलोमिटर सडकको ट्रयाक नेपाली सेनाबाट निर्माण गर्न स्वीकृति दिइएको छ।

यसैगरी सरकारले कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र औषधि ऐन २०३५ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद् मा पेश गर्न स्वीकृत प्रदान गरिएको छ। कोभिड-१९ व्यवस्थापन आदेश २०७८ समेत बैठकले स्वीकृत गरेको छ।

## अध्यक्ष नेपालद्वारा राजनीतिक प्रतिवेदन पेश

रासस
काठमाडौं, ५ असोज

नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपालले राजनीतिक प्रतिवेदन पेस गर्नुभएको छ। मंगलबारदेखि काठमाडौंमा सुरु भएको बैठकमा उहाँले राजनीतिक प्रतिवेदन पेस गर्नुभएको हो। मंगलबार पेस गरिएको प्रतिवेदनमाथि हिजो स्थायी कमिटी बैठकमा छलफल गरिएको थियो।

अध्यक्ष नेपालले पेस गरेको राजनीतिक प्रतिवेदनमाथि विभिन्न पाँच समूह बनाई बुधबारदेखि समूहगतरूपमा छलफल हुने केन्द्रीय सदस्य गरिमा शाहले जानकारी दिनुभयो। नेपालले पेस गरेको राजनीतिकप्रतिवेदनमा वर्तमान राष्ट्रिय राजनीतिक परिस्थिति तरल अवस्थामा रहेको उल्लेख गरिएको छ। केन्द्रीय कमिटीको पूर्णता, जिल्ला इन्चार्ज तोक्ने, प्रदेश कमिटी अध्यक्ष चयन र आगामी कार्ययोजनालगायतका एजेन्डा बैठकमा राखिएका छन्। बैठक भोलि ११ बजे पुनः बस्ने उहाँले जानकारी दिनुभयो। क्रान्तिका उपलब्धिको रक्षा गर्दै शान्तिपूर्ण सङ्घर्ष र लोकतान्त्रिक विधिबाट मुलुकको आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरणसहित राष्ट्रिय पूँजीको विकास गरेर सामाजिक न्याय र लोकतान्त्रिक मूल्य मान्यतासहितको समाजवादका आधार निर्माण गर्ने पार्टीको तत्कालीन लक्ष्य रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

"यो पार्टी सबै खाले प्रतिक्रियावाद, अवसरवाद र सङ्कीर्णतावादका विरुद्ध तथा सामाजिक सद्भाव एवं राष्ट्रिय एकताको पक्षमा रहेको छ। आम जनसमुदायसँग घनिष्ट सम्बन्ध राख्दै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## माओवादी अब नयाँ शिराबाट अघि बढ्छ : अध्यक्ष प्रचण्ड

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आत्म समीक्षासहित रूपान्तरित भएर पार्टीलाई नयाँ शिराबाट अघि बढाइने बताउनुभएको छ।

पार्टीको गण्डकी प्रदेश कमिटीले मंगलबार साँझ आयोजना गरेको भर्चुअल प्रशिक्षण कार्यक्रममा उहाँले पार्टीको आन्तरिक एकता बलियो बनाउँदै पुनः देशको पहिलो पार्टी बनाउने गरी क्रियाशील हुन नेता कार्यकर्तालाई आग्रह गर्नुभयो। पछिल्लो समय पार्टीप्रति जनताको आकर्षण बढेको भन्दै अध्यक्ष दाहालले भन्नुभयो, "जनताले विसं २०६४ को भन्दा धेरै मत दिएर विजयी गराउन चाहेका छन्। वडादेखि केन्द्रसम्म एकताबद्ध भएर जनतामा जाँदा पार्टीको जित सुनिश्चित छ, देशलाई राम्रोसँग अघि बढाउनसमेत माओवादीले जित्नुको विकल्प छैन।" माओवादी जहिले पनि उत्पीडित जाति, क्षेत्र, लिङ्ग र समुदायका पक्षमा रहेकाले माओवादीको तुलना अन्य पार्टीसँग हुन नसक्ने भनाइ अध्यक्ष दाहालको छ। जनताले एमसीसी नरुचाएको भन्दै यथास्थितिमा पारित हुने अवस्था नरहेको र यसलाई पुनःपरिभाषित गर्नुपर्ने पक्षमा माओवादी रहेको उहाँले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "यथास्थितिमा एमसीसी पारित हुने स्थिति बन्दैन, उठेका प्रश्नको 'सोलुसन' गरेर मात्र यसका बारेमा सोच्न सकिन्छ भनेर मैले प्रधानमन्त्रीलाई भनेको छु, एमसीसीका कारण अहिलेको पाँच दलीय गठबन्धन टुट्दैन, प्रभाव पनि पर्दैन।" बागमती प्रदेश र प्रदेश नं १ मा पनि अबको हप्ता दश दिनभित्रमा गठबन्धनको सरकार बन्ने जानकारी उहाँले दिनुभयो।

पार्टी स्थायी समितिका सदस्य नारायणकाजी श्रेष्ठले पार्टीलाई एकताबद्ध बनाएर अघि बढ्दा जित सुनिश्चित हुने बताउनुभयो। पार्टी प्रदेश समितिका संयोजक एवं प्रतिनिधिसभा सदस्य हरि अधिकारी(कुमार)ले गण्डकी प्रदेशका ११ वटै जिल्लामा पार्टी सदस्यता नवीकरणलगायतका सङ्गठनात्मक गतिविधि अघि बढाइएको जानकारी दिनुभयो।

केन्द्रीय समितिबाट पारित सङ्गठनात्मक कार्य तोकिएको समयभित्रै भइरहेको बताउँदै उहाँले जनवर्गीय सङ्गठनका कामलाई समेत छिट्टै सुरु गरिने जानकारी दिनुभयो।

## पर्वतीय उडान पुनः सुरु

रासस
काठमाडौं, ५ असोज

कोभिड-१९ महामारीका कारण स्थगित भएको मुलुकको पर्वतीय उडान (माउन्टेन फ्लाइट) पुनः सुरु भएको छ।

कोभिडको जोखिम कम भएसँगै वायुसेवा कम्पनीले पर्वतीय उडान सञ्चालनमा ल्याएका हुन्। सर्वोच्च शिखर सगरमाथासहितका हिमालको नजिकबाट अवलोकनका लागि पर्वतीय उडान हुँदैआएको छ।

निजी क्षेत्रको अग्रणी वायुसेवा प्रदायक बुद्ध एयरले हरेक शनिबार पर्वतीय उडान सञ्चालन गरिने आज सार्वजनिक गरेको सूचनामा उल्लेख छ। कम्पनीका अनुसार रु नौ हजार ९९९ मा दुई जनाले यात्रा गर्न पाउने गरी टिकट दर कायम गरिएको छ। पर्वतीय उडानमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पर्यटनमन्त्री शर्माद्वारा अन्तर्राष्ट्रिय खुल्ला अनलाइन कला प्रतियोगिता तथा प्रद्धर्शनीको उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असोज**

"कलाकारको लागिकलाकार" अन्तराष्ट्रिय खुल्ला अनलाइन कला प्रतियोगिता तथा प्रद्धर्शनी (२०७८) मंगलबारबाट सुरु भएको छ। नगेन न्यूज पब्लिकेसन प्रा.लि.ले आयोजित उक्त प्रतियोगिताको आज एक कार्यक्रमको आयोजना गरि पोखराबाट उद्घाटन गरिएको हो। कार्यक्रमको डिजिटल उद्धघाटन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेशका पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति, मन्त्री मणिभद्र शर्माले कलाकारहरुको लागी गरिएको यो नविन कार्य प्रशंसनिय रहेको बताउनुभयो।



मन्त्री शर्माले सो कार्य एक मौलिक कार्य रहेको र अरुले पनि यसको नक्कल गर्नुपर्ने बताउनुभयो। कोरोना कहरको समयमा पनि कलाकारको लागि अन्तर्राष्ट्रिय कला प्रतियोगिता तथा प्रद्धर्शनी अहिलेको स्थितीमा बाध्यता सगँसगैं अवसर बन्ने पनि उहाँले विश्वास व्यक्त गर्नुभयो। साथै उहाँले उक्त पेन्टिङ्ग बिक्री भएको रकम सामाजिक कार्यमा लगाउने आयोजकको धारणा धेरै राम्रो रहेको बताउनुभयो। सोही कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष बिमला भण्डारीले चित्रकलालाई पत्रकारले पनि प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो। भण्डारीले पोखराबाट यो प्रर्दशनीको सुरुवात हुनु गौरवको कुरा रहेको भन्दै कला स्थापित गर्न नगेन न्युज पब्लिकेसन प्रा.लि.ले गरेको आन्दोलनमा पत्रकार महासंघ कास्की सधै साथमा रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

"न प्रायोजक न समर्थक न प्रबर्द्धक मात्रै कलाकारको लागि कलाकार" मुल नाराका साथ कला र कलाकारको समृद्धि, बिकास र प्रबर्द्धनको लागि हरेक बर्ष एक नाम, दाम र सम्मान हरेक कलाकारले पाउन भन्ने उद्देश्यले "कलाकारको लागि कलाकार" अन्तर्राष्ट्रिय अनलाइन खुल्ला कला प्रतियोगिता तथा प्रदर्शनी आयोजना गरिएको कार्यक्रमका सभापति तथा नगेन न्यूज पब्लिकेसन प्रा.लि.का अध्यक्ष ज्योती हमालले जानकारी दिनुभयो। प्रतियोगिताबारे जानकारी दिँदै हमालले कलाकृतिहरू बिक्री भई उठेको रकम ७०% स्वयं कलाकारलाई १०% पुरस्कारलाई १०% कल्याणकारी कार्यक्रमलाई र १०% स्मारिकालाई छुट्टयाईने जानकारी दिनुभयो। उहाँले कम्तिमा १८ बर्ष उमेर पुगेको १५ देशका १६० कलाकारहरु, २ अप्रतीयोगी र ५ जना निर्णायकको १५ कलाकारहरुले विभिन्न माध्यम, तरिका र साईजमा बनाएका कलाकृतिहरूको असोज ५ गते अर्थात मंगलबारदेखि नै धधधा लबनभलबचताअक मा एक महिना सम्म प्रदर्शनीमा राखिने जानकारी गराउनुभयो। कोरोना कहरको समयमा सबैले आफ्नो बारेमा सोचि रहँदा कलाकारका बारेमा कसैले केहि नगरेकाले कलाकारको जुम मिटिङ्गबाट कलाकारले पनि केहि गर्नुपर्ने आवश्यक रहेकोले " कलाकारको लागि कलाकार" प्रतियोगिता तथा प्रद्धर्शनी गरिएको नेपाल एकेडेमी फाइन आर्ट्स, नेपालका प्राज्ञ नगेन सिंह ठकुरीले बताउनुभयो। सो प्रतियोगिताको निर्णायकमा प्राध्यापक डा. सुमेर जावाड, कला र डिजाइनको कलेज, पंजाब विश्व विद्यालय, पाकिस्तानमा प्रिन्सिपल, दादुल चालिहा विश्वव्यापी कलाकार, गुवाहाटी, आसाम, भारत, प्राध्यापक दीवान मिजान शान्तो-मरियम क्रिएटिव टेक्नोलोजी विश्व विद्यालय, ढाका, बंगलादेश, प्राज्ञ ज्योति प्रकाश बीके ललितकला विभाग, त्रिवि, नेपाल विभाग, प्राज्ञ नगेन सिंह नेपाल एकेडेमीफाइन आर्ट्स, नेपाल रहेका थिए।

सो अवसरमा प्राज्ञ ठकुरीले सामाजिक संजाल अन्तर र्ष्ट्रिय पुरस्कारहरू प्रदर्शनी समाप्ती पछि सार्वजनिक गरिने र १४ ओटा सोसियल मिडीया मार्फत प्रर्दशनीको सम्प्रेषण गरिने जानकरी दिनुभयो।



रिपोर्ट लिन लामवद्धः पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रयोगशालामा परीक्षणको रिपोर्ट लिन लामवद्ध सेवाग्राहीहरु। रिपोर्टका लागि लामो समय लाइनमा बस्नु परेको गुनासो सेवाग्राहीको छ। तस्वीर : कृष्ण दवाडी

## अध्यक्ष...

सबै प्रकारका शोषण, उत्पीडन, अन्याय, अत्याचार, असमानता र विभेदको समाप्तिका लागि सङ्घर्ष गर्नु र निःस्वार्थरूपमा देश, जनता र क्रान्तिको सेवामा समर्पित हुनु यस पार्टीको कर्तव्य हुनेछ", प्रतिवेदनमा भनिएको छ।

यस्तै पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद रहेको उल्लेख गर्दै मार्क्सवाद-लेनिनवाद क्रान्तिकारी चरित्रको वैज्ञानिक विश्वदृष्टिकोण र श्रमजीवी वर्गको मुक्ति एवं समाज परिवर्तनको मार्गदर्शक सिद्धान्त रहेको प्रतिवेदनमा बताइएको छ।

# हिमालय सहकारीको रक्तदानमा ४० युनिट संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असोज**

हिमालय बचत तथा ऋण सहकारी संस्था लि. पोखरा २५ हेमजाको ९ औ वार्षिकोत्सवको अबसरमा रक्तदान कार्यक्रम मंगलबार हेमजामा सम्पन्न भएको छ।

हिमालय बचत तथा ऋण सहकारी सँस्था लि.को आयोजना एवं रक्त सञ्चार केन्द्र पोखराको प्राबिधिक सहयोगमा सम्पन्न कार्यक्रममा ४० युनिट रगत संकलन भएको छ। पोखरा महानगपालिका वडा न. २५ का वडा अध्यक्ष सोभाकर तिम्सिनाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा रक्त सञ्चार केन्द्र पोखराका प्रमुख अर्जुन



ज्ञावाली, सल्लाहाकार मादबशरण पौडेल लगाएतले आफनो भनाइ राखेका थिए। लेखा समिति संयोजक भरतराज अधिकारीले स्वागत गरि सुरु गरको कार्यक्रममा शिक्षा उपसमिति संयोजक मनहरी तिमिल्सिनाले सहकारीका सात सिद्धान्त बाचन गरेका थिए। संस्थाका अध्यक्ष राजेन्द्र बहादुर सापकोटाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिब मेगराज त्रिपाठीले गरेका थिए।

## पर्वतीय...

ठूला जहाज (एटीआर) जहाजको प्रयोग गरिनेछ।

सोही कारण एक यात्रु भ्यालतर्फ पर्ने छन् भने अर्को यात्रुसँगैको सिटमा बसेर यात्रा गर्न सक्नेछन्। निजी क्षेत्रकै अर्को अग्रणी वायुसेवा प्रदायक यती एयरलाइन्सले पनि शनिबार र आइतबार पर्वतीय उडान गर्ने भएको छ। कम्पनीले रु आठ हजार ८४८ मा दुई वटा टिकट बिक्री गर्नेछ।

काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब एक घण्टाको पर्वतीय उडान हुन्छ। शरद ऋतु सुरु भएसँगै नजिकिएको दशैं, तिहारलगायत चार्ड पर्वलाई लक्षित गरी वायुसेवा प्रदायकले पर्वतीय उडान सुरु गरेका हुन्।


# कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.
## पोखरा-१३, बाँझापाटनको
## १३ औं वार्षिक साधारण सभा हुने सम्बन्धी जरूरी सूचना।

**संचालक समितिको मिति २०७८/०५/२८ को २१३ औं बैंठकको निर्णय बमोजिम यस संस्थाको १३ औं वार्षिक साधारण सभा कोभिड १९ को कारणले सुरक्षा मापदण्ड अपनाई मिति २०७८/०६/२१ देखि २५ गते आलोपालो व्यवस्थाबाट संस्थाको भुईतलाको हलमा भौतिक उपस्थिति जनाई तथा विद्युतिय अनलाईन जुमबाट समेत दुबै माध्यमबाट सम्पन्न गर्नको लागि प्रत्येक सदस्यलाई उपस्थितिको लागि मिति र समय निश्चित गरी पत्र पठाईएको छ। कुनै कारणवस पत्र प्राप्त हुन नसकेमा यसै सूचनाको आधारमा कार्यालयमा सम्पर्क गरी जानकारी लिन हुन अनुरोध गर्दछु। आफुलाई तोकिएको समयमा उपस्थित भै प्रतिवेदनहरुमा उल्लेखित संस्थाको गतिविधि, आगामी कार्यक्रम तथा प्रस्तावमाथी छलफल गरी निर्णयमा सहभागीको लागि अनुरोध छ। साथै विद्युतिय अनलाईन जुमबाट असोज २५ गते दिनको ३ बजेपछि हुने सभामा भाग लिनको लागि आई डि र पास वर्ड समेत पत्रमा उल्लेख गरेर पठाईएको व्यहोरा सबै सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु।**

**प्रस्तावहरु:**

१. अध्यक्षको प्रतिवेदन, सचिवको प्रतिवेदन, लेखा परीक्षकको ०७७/०७८ को प्रतिवेदनका साथ कोषाध्यक्षको प्रतिवेदन, प्रमुख कार्यकारी अधिकृतको प्रतिवेदन माथि छलफल गरी ती प्रतिवेदनहरुमा प्रस्तुत प्रस्तावहरुमा छलफल गरी पारित गर्ने।
२. लेखा तथा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।
३. आर्थिक वर्ष ०७८/०७९ को लागि लेखा परीक्षकको छनोट गरी पारिश्रमिक निर्धारण गर्ने।
४. १३ औं साधारण सभाको निर्णय पुस्तिकामा प्रमाणित गर्ने १२ शेयर सदस्यको मनोनयन गर्ने।
५. विविध।

**ईन्द्र बहादुर कुँवर**
**सचिव**
**कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१३, बाँझापाटन**
**फोन नं. ०६१-५३३८११ मो. ९८५६०६६८११**


# कुलमानको मुद्दामा सर्वोच्चले दिएन अन्तरिम आदेश

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असोज**

सर्वोच्च अदालतले नेपाल विद्युत् प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक कुलमान घिसिङको नियुक्तिविरुद्ध परेको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। योसँगै घिसिङलाई काम गर्ने बाटो खुलेको छ।

प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराको एकल इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो। यसअघि गत भदौ ८ गते मिसिल झिकाउने आदेश दिनुभएको उहाँले मंगलबार कारण देखाउ र अन्तरिम आदेश जारी नहुने आदेश सुनाउनु भएको हो।

"निवेदक हितेन्द्रदेव शाक्यलाई नेपाल सरकार मन्त्रिपरिषद्को गत साउन २५ गतेको निर्णयबाट नेपाल विद्युत् प्राधिकरणको उपकार्यकारी पदमा पदाधिकार राखी जल तथा ऊर्जा आयोगको सचिवालयको रिक्त विशेषज्ञ सदस्य पदमा नियुक्त गरिएको देखियो", आदेशमा भनिएको छ, "हालको अवस्थाबाट निवेदकलाई पदबाट हटाइएको भन्ने नदेखिएकाले मागबमोजिम अन्तरिम आदेश जारी गर्नु परेन।"

आदेशमा विपक्षीबाट लिखित जवाफ आएपछि तीन दिनभित्र दुवै पक्षबाट हट्न हटाउन नपाउने गरी पेशी तोक्न समेत भनिएको छ। शाक्यले आफूलाई हटाएर प्राधिकरणको कार्यकारी निर्देशकमा घिसिङलाई नियुक्त गर्ने सरकारी निर्णयलाई बदर गर्न माग गर्दै गत साउन ३२ गते वारेसमार्फत सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो। गत साउन २४ गतेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गर्ने निर्णय गरेको थियो भने गत साउन २७ मा नियुक्तिपत्र बुझेलगत्तै घिसिङले काम सुरु गर्नुभएको थियो।


## तुरुन्त बिक्रीमा

**चालु अवस्थामा रहेको पोखरा-१४ छिनेडाँडामा अवस्थित ओशो राइसमिल एण्ड कृष्ण स्टोर्स तुरुन्त बिक्रीमा छ। मूल्य आपसी समझदारीमा हुनेछ।**


**सम्पर्कः**
**मो. ९८१६७७४५२४, ९८२६१९३२२५**



## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
**पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै**
**फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६**



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

**नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पोखरेली साहित्यिक गतिविधिमा कोरोनाको प्रभाव

-वासुदेव पौडेल
**गण्डकी, ५ असोज (रासस)**

प्रकृतिको बरदान पोखरालाई साहित्य सिर्जनाको उर्वर भूमि मानिन्छ । कवि शिरोमणि लेखनाथ पौड्यालदेखि जनकवि केशरी धर्मराज थापा, लोक कवि अलिमियाजस्ता थुप्रै नेपाली साहित्यका मुर्धन्य व्यक्तित्व जन्माएका पोखरामा थुप्रै साहित्यिक गतिबिधि हुने गर्दछन् ।

साहित्यानुरागी पोखरालाई साहित्यको राजधानीको उपमा समेत दिने गर्दछन् । साहित्यिक व्यक्तिको जन्मोत्सव होस् वा अन्य कुनै पर्व यहाँ विभिन्न नाममा साहित्यिक गतिविधि निरन्तर हुने गरेको छ। साहित्यिक गतिविधिले पनि छुट्टै रौनकता ल्याउने पोखरामा पछिल्लो दुई वर्षयता भने सुनसान जस्तै बनेको छ । फाट्टफुट्ट साहित्यिक कार्यक्रम हुने गरे पनि कोरोनाको मारका कारण यहाँको साहित्य सुस्ताएको छ। कोरोनाकै कारण नियमित रूपमा हुने गरेका साहित्यिक अभियान रोकिएका छन् । साहित्यका माध्यमबाट गाउँ पर्यटनलाई जोड्ने मुख्य उद्देश्यसाथ २०६२ असार १८ गते लेखनाथको सुन्दरीडाँडाबाट थालिएको साहित्यिक अभियान 'अक्षरयात्रा' लाई कोरोना कहरले प्रभावित बनाएको छ। अघिल्लो वर्षका बन्दाबन्दीमा पनि केही महिना स्थगित यो यात्रा यसवर्ष भने वैशाख महिनायता सञ्चालनमा आउन नसकेको गजल सन्ध्या पोखराका अध्यक्ष मोहन भण्डारीले जानकारी दिनुभयो। गजल सन्ध्या पोखरा र नवनित साहित्य सागरको संयुक्त आयोजनामा सञ्चालित अक्षरयात्राका लागि पोखरेली साहित्यकार प्रत्येक महिनाको तेस्रो शनिबार विभिन्न स्थानमा पुगेर त्यहाँको जीवन जगतका भोगाइलाई आफ्ना रचनामा उतार्ने गर्दछन् । अक्षरयात्री यस अभियानमा सामेल बन्दै विभिन्न गाउँ, ठाउँदेखि मसानघाटसम्म पुगी जीवन र जगत्का भोगाइलाई रचनामा उतार्ने गर्दछन् । अक्षरयात्राले गत चैतमा १८१ औँ शृङ्खला सम्पन्न गरेको थियो । त्यसयता कोरोना कहरकै कारण उक्त अभियानलाई सञ्चालन गर्न नसकिएको उहाँले जानकारी दिनुभयो । 'जीवन र जगत्को यथार्थ बोधका लागि अक्षरयात्रा' नाराका साथ सञ्चालित यो अभियानलाई कोरोना कहर साम्य भएसँगै पुनः निरन्तरता दिइने जनाइएको छ । गजल सन्ध्या पोखराले प्रत्येक महिनाको दोस्रो शनिबार गर्दै आएको नियमित गजलवाचन कोरोना कहरकै कारण जुम प्रविधिको प्रयोगमार्फत गर्ने गरिएको छ। "कोरोना कहरका कारण जुम प्रविधिमार्फत गलन वाचनलाई भने निरन्तरता दिएका छौं", उहाँले भन्नुभयो, "पोखरेली गजलकारको यो नियमित वाचनले २१८औँ शृङ्खला पार गरिसकेको छ। यस्तै साहित्यिक अभियानका जगमा पोखराले पुराना मात्र नभइ पछिल्ला पुस्ताका दर्जनौँ कवि, कवयत्री र कलाकार जन्माइसकेको छ । कोरोना महामारीकै कारण भानु वाङ्य प्रतिष्ठानले भव्यताका साथ प्रत्येक वर्षको असार २९ गते मनाउने गरेको भानु जयन्ती यस पटक भने औपचारिक सामान्य कार्यक्रमका साथ सम्पन्न गरेको प्रतिष्ठानका सचिव अम्बिकाप्रसाद भट्टराईले जानकारी दिनुभयो।

"कोरोनाका कारण समाजका विभिन्न क्षेत्रलाई प्रभाव पारे जस्तै साहित्यिक क्षेत्र पनि प्रत्यक्ष प्रभावित बनेको छ", सप्तरङ्गी साहित्य समाज तनहुँका संयोजक समेत रहेका उहाँले भन्नुभयो, "साहित्यिक गतिविधि त प्रभावित भएनै त्यसले साहित्यकारको सिर्जनामा पनि असर पारेको छ।"

पोखरेली साहित्यिक गतिविधिमा क्षमता भएर पनि विभिन्न कारणले अवसर नपाएका साहित्यकारलाई अघि ल्याउने लक्ष्यसाथ २०७४ सालदेखि सञ्चालित 'पुछारसिटे अभियान'ले कोरोना कहरकै कारण आफ्ना नियमित साहित्यिक गतिविधि सञ्चालन गर्न नसकेको अभियानका संयोजक सञ्जीव पौडेलले बताउनुभयो।

अभियानबाट प्रत्येक वर्षको माघे सङ्क्रान्तिमा घ्यू, चाकु र तरुलसँग कविता तथा असार १५ गते दही चिउरासँग कविता शीर्षकमा कार्यक्रम गर्दै आएको भए पनि कोरोनाकै कारण यस पटक यी दुबै कार्यक्रम गर्न नसकिएको उहाँले जानकारी दिनुभयो। अभियानद्वारा गर्दै आइएका अन्य साहित्यक कार्यक्रम, परिचर्चा पनि प्रभावित भएको उहाँको भनाइ छ।

विभिन्न ठाउँका भेटघाट आदिले पनि साहित्यको सिर्जनामा महत्वपूर्ण भूमिका खेल्ने जनाउँदै उहाँले भन्नुभयो, "स्वैर कल्पनामा मात्रै रमाउने साहित्यकारले पनि यताउता हिँडडुल गर्न नपाउदा अपेक्षित सिर्जना तयार गर्न सक्दैन ।" सिर्जनाका लागि वातावरण राम्रो हुनुपर्ने जनाउँदै उहाँले महामारीजन्य यस्ता प्रकोपले साहित्यकारको सिर्जनालाई पनि प्रत्यक्ष प्रभावित पार्ने गरेको बताउनुभयो। पोखरेली साहित्यमा संरक्षण कवितायात्रादेखि संरक्षण कविता आन्दोलन हुँदै पछिल्ला समयमा सञ्चालित साहित्यिक आन्दोलन तथा अभियानले यहाँको साहित्यिक गरिमालाई उचो बनाएका छन्। पोखरामा क्रियाशील साहित्यिक संस्था सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान, गीताञ्जलि साहित्य परिवार, आलोक साहित्य सदन, पोखरेली युवा सांस्कृतिक परिवार, नेपाल प्राज्ञ मञ्च, लेखनाथ साहित्य प्रतिष्ठान, लोककवि अलिमिया वाङ्मय प्रतिष्ठानलगायतका संस्थाबाट हुने गरेका साहित्यिक गतिविधि पनि कोरोना कहरका कारण प्रभावित बनेका छन्।

# तीव्रगतिमा सवारी चलाउनेलाई कारबाही

**पोखरापत्र संवाददाता**
**दमौली, ५ असोज**

तीव्रगतिमा सवारी चलाउनेलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँले कारबाही सुरु गरेको छ । पृथ्वीराजमार्गअन्तर्गत तनहुँ खण्डमा तीव्रगतिमा सवारी चलाउने चालकलाई प्रहरीले कारबाही सुरु गरेको हो।

दुर्घटना न्यूनीकरणका लागि राडर गनमार्फत गति मापन गर्दै तीव्रगतिमा सवारी चलाउनेलाई कारबाही सुरु गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँका प्रमुख डिबी हमालले जानकारी दिनुभयो। उहाँका अनुसार सोमबार म्याग्दे गाउँपालिकास्थित गुणादीमा तीव्रगतिमा सवारी चलाउने ११ सवारी चालकलाई कारबाही गरिएको हो । कारबाहीमा पर्नेमध्ये नौ जना मोटरसाइकल, एक जीप र एक बस चालक रहेका छन् । प्रतिघण्टा/किलोमिटर ६० भन्दा बढी गतिमा सवारी चलाउनेलाई कारबाही गरिएको हमालले जानकारी दिनुभयो । प्रहरीले पृथ्वीराजमार्गको तनहुँ खण्डमा अधिकतम ६० र घुम्तीमा ४० प्रतिघण्टा/किलोमिटर गति निर्धारण गरेको छ । "सवारी दुर्घटनाको धेरैजसो कारण तीव्रगति हो, यसलाई नियन्त्रणका लागि राडर गनको प्रयोग गरी कारबाही थालेका हौँ", उहाँले भन्नुभयो, "यो अभियान निरन्तर रहनेछ ।" पृथ्वीराजमार्गमा यात्रा गर्ने ७० प्रतिशतभन्दा बढीले तीव्रगतिमा सवारी हाँक्ने गरेको कार्यालयले गरेको परीक्षणले देखाएको छ। राडर गनबाट गरिएको परीक्षणअनुसार मोटरसाइकल, प्राइभेट जीप, स्थानीय मिनीबस, खाली ट्रकलगायतले तीव्रगतिमा हाँक्ने गरेको पाइएको छ । राडर गनले कुन सवारी कति गतिमा गुडेको छ भन्नेबारेमा पत्ता लगाउने हुँदा गति कम गर्न यसले सहयोग गर्ने उहाँले बताउनुभयो । सवारी दुर्घटनाबाट तनहुँमा एक वर्षको अवधिमा ४८ जनाको मृत्यु भएको छ। आर्थिक वर्ष २०७७/७८ को अवधिमा ३७ पुरुष, आठ महिला र तीन बालकले ज्यान गुमाएका छन् । उक्त अवधिमा तनहुँ खण्डमा गत वर्ष ९० स्थानमा दुर्घटना भएको थियो। त्यसक्रममा १२८ सवारी साधन दुर्घटनाग्रस्त भएका थिए । कार्यालयका अनुसार मोटरसाइकल र स्कुटर ६६, ट्रक/ट्याङ्कर १८, जीप/कार १७, ट्र्याक्टर १७, बस पाँच, माइक्रो चार र एउटा टिपर दुर्घटना भएको थियो। दुर्घटनामा ७६ गम्भीर र ५१ जना सामान्य घाइते भएको कार्यालयले जनाएको छ।

जिल्लामा सबैभन्दा बढी दुई पाङ्ग्रे सवारी साधन दुर्घटना हुने गरेको छ । "तीव्रगतिका कारण दुई पाङ्ग्रे सवारी साधन दुर्घटनामा परेको अनुसन्धानबाट पत्ता लागेको छ", हमालले भन्नुभयो, "भर्खरका युवाले जथाभावी सवारी हाँक्ने गरेकाले यो सङ्ख्या अत्यधिक छ।"

दुर्घटना कम गराउन प्रहरीले अभियान पनि सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो । सवारी चालक र पैदलयात्रीलाई प्रशिक्षणदेखि 'चालकसँग एक मिनेट' कार्यक्रम सञ्चालन गरिएको छ । जिल्लामा बढीजसो दुर्घटना पृथ्वीराजमार्गमा हुने गरेको छ। पृथ्वीराजमार्गअन्तर्गत कोत्रे, गाछेपानी, अकला, गुणादी, कमलबारी, नाहाला, विमलनगर, आँबुखैरेनीस्थित पावरहाउस बढी दुर्घटना हुने स्थानहरू हुन्।

# नेपाली क्रिकेट टोली स्वदेश फिर्ता

**रासस**
**काठमाडौं, ५ असोज**

आईसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय श्रृङ्खला खेलेर नेपाली राष्ट्रिय क्रिकेट टोली ओमानबाट मंगलबार स्वदेश फर्केको छ। टोलीलाई नेपाल क्रिकेट सङ्घ (क्यान) का पदाधिकारीलगायतले त्रिभुवन अन्तर राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए । ओमानमा सम्पन्न श्रृङ्खलामा नेपालले चार खेलमध्ये दुईमा जित र दुईमा हार बेहोरेको थियो । नेपालले आइतबार भएको अन्तिम खेलमा पहिलो पटक ओमानलाई ७ विकेटले पराजित गर्दै एतिहासिक जित हासिल गरेको थियो । त्यसअघि सिरिजको पहिलो खेलमा नेपालले अमेरिकालाई पाँच विकेटले हराएको थियो भने दोस्रो खेलमा ओमानसँग पाँच विकेटले पराजित भएको थियो । त्यस्तै तेस्रो खेलमा नेपाल अमेरिकासँग ६ विकेटले हारेको थियो। लिग-२ मा नेपाल, अमेरिका, ओमान, स्कटल्याण्ड, नामिबिया, युनाइटेड अरब इमिरेटस् (युएई) र पपुवा न्युगिनी रहेका छन् । नेपाल आठ खेलमा आठ अङ्क जोड्दै लिगको चौंथो स्थानमा उक्लेको छ। ओमान १४ खेलमध्ये ११ मा जित र तीनमा हारका साथ २२ अङ्क जोडेर शीर्ष स्थानमा कायमै छ भने अमेरिका १६ खेलमध्ये सातमा जित र नौमा हारसहित १४ अङ्कका साथ दोस्रो स्थानमा छ।

# सोह्र श्राद्ध सुरु

**रासस**
**काठमाडौं, ५ असोज**

प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्र श्राद्ध अर्थात् पितृ पक्ष आज प्रतिपदा तिथि श्राद्ध गरेसँगै सुरु भएको छ । पितृ पक्षको पहिलो दिन मंगलबार प्रतिपदा तिथि श्राद्ध गरिएको छ।

आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्र तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले सोह्रश्राद्ध भनिएको हो । यो समयलाई अपर, प्रेत पक्ष आदि नामले पनि बुझिन्छ। चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नु अघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्परा अनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आश गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ ।यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पुरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ। यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय वचनका आधारमा श्राद्ध गर्ने गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ। सोह्रश्राद्ध अपराह्नमा गर्नुपर्छ भन्ने शास्त्रीय वचन रहेको पनि उहाँले बताउनुभयो।

# सेतीमा खसेकी युवतीको शव आठ दिनपछि भेटियो

**पोखरापत्र संवाददाता**
**दमौली, ५ असोज**

तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित सेती नदीमा खसेर गत मङ्गलबार बेपत्ता भएकी एक युवतीको शव आठ दिनपछि फेला परेको छ।

टिकटक बनाउने बहानामा शुक्लागण्डकी नगरपालिका-८ स्थित रक गार्डेनबाट सेती नदीमा खसेकी सोही ठाउँकी युवती आज मृत अवस्थामा फेला परेकी हुन् । १९ वर्षीया पवित्रा लम्सालको शव भिमाद नगरपालिका-७ सेती नदीको किनार सिस्नेरी घाटमा फेला परेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो। सेती नदी किनारमा शव देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए । मृतकको शव आफन्तले पहिचान गरेका छन् । "शव परीक्षणका लागि दमौली अस्पताल ल्याइएको छ", प्रनाउ तिमिल्सिनाले भन्नुभयो। विवाह भएको पाँच दिनमा माइत आएकी उनी साथीहरूसँग घुम्ने क्रममा रक गार्डेनमा पुगेकी थिइन् । त्यसक्रममा साथीहरूले उनको भिडिओ खिचेका थिए । भिडिओमा 'पवित्रा नजा नजा' भनेको सार्वजनिक भएको थियो । घटनाका बारेमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# नेपालको एसियन कप खेल्ने सपना अधुरै

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असोज**

हङकङसँग बराबरीमा रोकिएपछि नेपालको एफसी महिला एसियन कप-२०२२ छनोटको यात्रा समाप्त भएको छ। उज्बेकिस्तानमा जारी छनोटको दोस्रो खेलमा मंगलबार हङकङसँग गोलरहित बराबरीमा खेलेपछि नेपाल समूह चरणबाटै बाहिरिएको हो।

एसियन कपको सम्भावना कायम राख्न नेपाललाई हङकङ विरुद्धको खेल जित्नै पर्ने दबाब थियो तर नेपालले हङकङसँग गोलरहित बराबरीमा खेलेपछि नेपालको एसियन कप खेल्ने सपना अधुरै रहन पुग्यो । उज्बेकिस्तानस्थित (जेएआर एसओके) माजमुएसी स्टेडियममा भएको खेलमा दुवै टोलीले खेलको विभिन्न समयमा पाएको अवसरलाई सदुपयोग गर्न नसक्दा खेल गोलरहित बराबरीमा टुङ्गियो।


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०७८/०६/०५

अन्नपूर्ण गा.पा. कास्कीको मिति २०७८/०६/०५ गतेको पत्र संख्या ०७८/७९ च.न. २३२ को पत्रअनुसार यस श्री भूमे आ. वि. मा रिक्त रहेको प्रा.वि. तह तृतीय श्रेणीको करार शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०७८/०६/०५ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ। तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ।

**तपशिल**

विज्ञापन नं.: ०१-०७८/७९
पदः आधारभूत (प्रा. वि.) करार संख्याः १ जना
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
योग्यताः न्यूनतम कक्षा १२ पास वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०७८/०६/१९ गते ४:०० बजेसम्म
निवेदन दस्तुरः रु ८००।-
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
नोटः विज्ञान र गणित विषय लिई २ उत्तीर्ण गरेकालाई विशेष प्राथमिकता

**श्री भूमे आधारभूत विद्यालय**
**अन्नूर्ण गाउँपालिका-९, सुदामे कास्की**
**सम्पर्क नं.: प्र.अ. ९८११५७४९४,९८४६९१४६१५ अध्यक्षः ९८४१०३२६५६**



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय**
## पूर्वाधार विकास निर्देशनालय
**गण्डकी प्रदेश, पोखरा**

## काहुँ खोला-सिक्लेस-दुधपोखरी सडक खण्ड (१०. ४२४ किमि) को स्तरोन्नती आयोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना ।

**प्रकाशित मितिः २०७८/ ०६ /०६**

गण्डकी प्रदेश, कास्की जिल्ला अन्तर्गत मादी गाउँपालिका वडा नं. ६ र ७ मा प्रदेश सरकार, भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय कास्कीद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ । वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार यस प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा राय सुझाब सङ्कलन गर्न सार्वजनिक सूचना प्रकाशित गर्नपर्ने भएकाले यो सूचना प्रकाशित गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रदेश सरकार<br>भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय<br>पूर्वाधार विकास निर्देशनालय<br>गण्डकी प्रदेश, पोखरा।<br>फोन नंः ०६१-४६५१०६<br>इमेलः idd@gandaki.gov.np |
| प्रस्तावको व्यहोरा | काहुँ खोला-सिक्लेस-दुधपोखरी सडक खण्ड (१०.४२४ किमि)ः डिजाईन गतिः २५ किमी प्रति घन्टा, सडक क्षेत्राधिकारः ३० मिटर, फर्मेसन चौडाईः ८ मिटर, क्यारिज वे चौडाईः ५.५ मिटर। |
| प्रभाव पर्न सक्ने क्षेत्र | गण्डकी प्रदेश, कास्की जिल्ला, मादी गाउँपालिका वडा नं.६ र ७ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणालीहरु बीच के कस्ता प्रभाव पर्दछन भनी यकिन गर्न प्रस्ताव कार्यान्वयन हुने क्षेत्र नजीकका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवश्यक भएकोले यस सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझाबको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रदेश सरकार, भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, गण्डकी प्रदेश, कास्की<br>फोन नंः ०६१-४६५१०६<br>इमेलः idd@gandaki.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | नियात्रा कन्सल्ट प्रा. लि., ललितपुर-१०, कुपण्डोल, फोन नं. ९८५१०५६०७५, ईमेलः niyatraconsult@gmail.com |